# स्थानीय राजपत्र

दोर्दी गाउँपालिकाद्वारा प्रकाशित

(खण्ड १०) नौथर, लमजुङ २०८३ वैशाख २२ गते (संख्या २)


## भाग-२

## दोर्दी गाउँपालिका कृषक समूह गठन तथा परिचालन कार्यविधि, २०८३

(गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०१/२१)

परम्परागत कृषि प्रणालीलाई विकसित र व्यवस्थित गरी वैज्ञानिक प्रविधिको अवलम्वन गर्दै कृषि पेशालाई विविधिकरण,बजारीकरण, व्यवसायिकरण मार्फत औधोगिकिकरणको निमित्त कृषकहरुलाई नयाँ प्रविधितर्फ आकर्षित र उत्प्रेरित गर्न र सोको अभ्यास गराउँदै यस्ता प्रविधिको अवलम्बन गर्ने गराउने उद्देश्य अनुरुप कृषि प्रविधिलाई सरल र सहजरुपमा कृषक माझ पुर्याउन कृषकहरुको वैयक्तिक तथा संस्थागत विकासका लागी कृषक समुह गठन गर्न आवश्यक भएकोले स्थानिय सरकार सञ्चालन ऐन,२०७४ दफा १०२ को अधिकार प्रयोग गरी दोर्दी गाउँपालिकाले कृषक समुह गठन तथा परिचालन सम्वन्धी कार्यविधि, २०८३ तयार गरी लागु गरेको छ।

**परिच्छेद- १**
**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ** :

१. यस कार्यविधिको नाम **"कृषक समूहगठन तथा परिचालन कार्यविधि,२०८३"** हुनेछ।

२.यो कार्यविधि दोर्दी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१) **"समूह"** भन्नाले व्यवसायीक कृषि प्रणाली अवलम्वन गर्ने उद्देश्यको लागी गठन भएका १५ वा सो भन्दा वढी २५ जना सम्मको कृषक समुहलाई जनाउछ।

२) **"गाउँपालिका"** भन्नाले दोर्दी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, लमजुङलाई सम्झनुपर्दछ।

३) **"शाखा"** भन्नाले दोर्दी गाउँपालिका गाँउकार्यपालिकाको कार्यालय,लमजुङको कृषि विकास शाखा र पशुपन्छी विकास शाखा जनाउनेछ।

४)**"अध्यक्ष"** भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समुहको अध्यक्षलाई जनाउनेछ।

५)**"उपाध्यक्ष"** भन्नाले यसै कार्यविधी बमोजिम गठित कृषक समुहको उपाध्यक्षलाई जनाउनेछ।

६) **"सचिव"** भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समुहको सचिवलाई जनाउनेछ।

७) **“सदस्य”** भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक समुहको सदस्यलाई जनाउँनेछ।
८) “**कार्यालय प्रमुख”** भन्नाले दोर्दी गाउँपालिका,गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ।
९)**"कार्यसमिति"**भन्नाले निर्देशिका अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा अन्यसदस्य पदाधिकारीलाई सम्झनु पर्दछ ।
१०)**"लेखा"** भन्नाले प्रचलित कानून बमोजिम कारोबार यथार्थ विवरण देखिने गरी राखिने अभिलेख, खाता,किताब आदि र सो कारोबारलाई प्रमाणीत गर्ने कागजात समेतलाई जनाउँदछ।
११)**"वडा"** भन्नाले दोर्दी गाउँपालिकाको वडा सम्झनु पर्दछ ।
१२) **"हितकोष"** भन्नाले कुनैपनि नगद जिन्सी तथा भौतिक सरसामान नगद मौज्दात ऋण लगानी, लगानीकोरुपमा रहेको समूहको नगद पुँजीलाई हितकोष जनाउँदछ ।
१३) **"शाखा प्रमुख"** भन्नाले दोर्दी गाउँपालिकाको कृषि/पशुसेवा शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।
**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ।
क) समूह सदस्यहरुको बसोबास रहेको भौगोलिक गाउँ टोल क्षेत्रको जलवायु सुहाउँदो पशुपालन तथा कृषि बालीनालीहरुमा व्यवसायीकरण र विविधिकरणका नयाँ प्रविधि अपनाउँदै उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।
ख) समूहमा उन्नत बीउबिजन तथा रासायनिक मल लगायत कृषि तथा पशुपन्छी उत्पादन सामग्रीहरुको व्यवस्थापन गर्ने।
ग) खेतीयोग्य जमिनमा सिँचाइको व्यवस्थापन गर्ने ।
घ) प्राङ्गारिक उत्पादनमा जोड दिने ।
ङ) कृषि सामग्री तथा कृषि उपजहरुको बजारीकरणका कार्यहरु गर्ने ।
च) कृषि उत्पादन प्रवर्द्धन, प्रशोधन र बजारीकरण एवं पशु प्रजनन् कार्यहरु, पशुआहारा, पशुस्वास्थ्य र पशु तथा पशुपन्छी बजारीकरण, पशु सेवा प्रविधिको प्रचार प्रसारका कार्यहरु गर्ने ।
छ) गोठ तथा भकारो सुधार गर्ने ।
ज) मौरीपालन तथा च्याउ खेती गर्ने ।
झ) बेमौसमी तथा मौसमी तरकारीहरुको उत्पादन र बजारीकरण गर्ने । ।
ञ) नयाँ प्रविधिहरूको परीक्षण गर्ने।
ट) सरकारी तथा गैरसरकारी एवं समुदायमा आधारित निकायहरुसँगको साझेदारी र सहकार्यमा कृषि/पशु विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।
ठ) जैविक विविधताको संरक्षण संवर्द्धन र विकास गर्ने।
ड) कृषि वन, वातावरण संरक्षण संवर्द्धन र विकासका सबै कार्यक्रमहरु सञ्चालन गर्ने।
ढ) मासिक बचत र परिचालन गर्ने।
ण) समूहले तोके बमोजिमका कृषि विकास सम्बन्धी अन्य विविध कार्यहरु गर्ने ।

## परिच्छेद-२

## समुह गठनका आधारहरु,सदस्यहरुको छनोट र समुह वर्गीकरण

**४. गठनका आधारः** स्थानीय तहको आर्थिक विकास शाखा/कृषि हेर्ने शाखा/एकाइ वा पशु सेवा शाखा/एकाइले कृषक गठन गर्दा देहायका कुरालाई ध्यान दिनुपर्नेछ।
क) कृषकहरुको आवश्यकता र स्थान विशेषको कृषि उत्पादनको सम्भाव्यता,
ख) सेवा पुऱ्याउनु पर्ने घरधुरीको संख्या र कृषक संख्या,
ग) कृषकहरुको आर्थिक सामाजिक स्थिति र श्रोतसाधनको अवस्था,
घ) कृषक समुहमा बिभिन्न वर्गका कृषकहरुको प्रतिनिधित्वको सुनिश्चितता
ङ) समुहमा आवद्ध गराउन वास्तविक कृषकहरुको सुनिश्चितता र छनोट
**५. सदस्यको छनोट गर्दा ध्यान दिनुपर्नेः**(१) कृषक समुह गठनका लागी सदस्यहरुको छनोट गर्दा देहायकाकुराहरु ध्यान दिनु पर्ने छः-

क) साझा कार्य उद्देश्य भएका,

ख) सामाजिक र आर्थिक स्तर एकरुपता भएका,

ग) सकभर साक्षर एवं शैक्षिक स्तर समानता भएका।

घ) समुहगत कार्यमा सहयोग दिन सक्ने,

ङ) उत्पादन समुहको हकमा सकेसम्म सँगसँगै खेत भएका,

च) एउटै समुदाय वा स्थानमा बसोवास गर्ने,

छ) कृषि पेशालाई मुख्य पेशाको रुपमा अंगालेका।

**६. समूहको वर्गिकरणः** समूह सदस्यहरुको बनावटको आधारमा उत्पत्तिको आधारमा तथा समूहहरुले निश्चित गरेको उद्देश्यको आधारमाकृषक समूहलाई विभिन्न समूहहरुमा वर्गीकरण गर्न सकिनेछ।

१) लैङ्गीक सहभागिताको आधारमा

१. महिला कृषक समूह

२. पुरुष कृषक समूह

३. मिश्रित कृषक समूह

२) कामको प्रकृतिको ( क्षेत्रगत आधारमा)

१. बाली समूह
२. बागबानी कृषक समूह (फलफुल, तरकारी)
३. बिज वृद्धि कृषक समूह
४. मौरी पालन कृषक समूह
५. माछा पालन
६. रेशम खेती
७. कृषि बजार समूह
८. आई.पी.एम. कृषक समूह
९. गाईभैंसी पालन समूह
१०.भेडाबाखा पालन समूह
११.बङ्गुरपालन समूह
१२. कुखुरापालन समूह
१३. घाँसेबाली तथा बीउ उत्पादन समूह

३) मूल्य श्रृङ्खलाको आधारमा

१. कृषि सामग्री उत्पादन समूह (बिउ उत्पादक, प्राङ्गारिक मल उत्पादक आदि)
२. उत्पादन समूह
३. प्रशोधन समूह
४. बजारीकरण समूह

## परिच्छेद- ३

## समुह गठन प्रक्रिया,कार्यसमितीको संरचना र पदाधिकारिको जिम्मेवारी

**७. समुह गठन प्रक्रियाः**कृषक समुह गठन तथा व्यवस्थापन गर्दा देहायका प्रकृयाहरुको अवलम्वन गर्नुपर्नेछ।

**(१)प्रारम्भिक कृषक भेला**

(क)इच्छुक कृषकहरुको भेला तथा अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने,

(ख)सरोकारवाला निकायहरुलाई आमन्त्रण गर्न सकिने,

(ग)कृषक भेलामा छलफलको एजेण्डा ,मिति,समय तथा स्थान तय गर्ने,

(घ)कृषक भेला सचांलनका लागी कृषकहरु मध्य एकजनाले जिम्मेवारी लिई नेतृत्व गर्ने,

(ङ)कृषक भेलाको उद्देश्य र आवश्यकता (समुह गठनको उद्देश्य र आवश्यकता) वारे जानकारी दिने।

**(२)छलफल सञ्चालन**

(क)कृषक भेलाको उद्देश्य र आवश्यकता(समुह गठनको उद्देश्य र आवश्यकता)विस्तृत रुपमा प्रष्ट पार्ने,

(ख)कृषक भेलाका एजेण्डाहरुमा क्रमशः छलफल गर्दै बुँदा टिपोट गरी निर्णय पुस्तिकामा पार्ने,

(ग)इच्छुक व्यक्ति समुह सदस्य बन्न परिच्छेद-२को दफा ५ मा उल्लेख भए वमोजिम योग्य व्यक्तिलाई सदस्यताका लागि अनुसुची-३ वमोजिम आवेदन फारम भराई नामावली तयार गर्ने,

(घ)उक्त भेलाले तदर्थ समिति गठन,विधान मस्यौदा समिति गठन र कार्य विभाजन गर्ने।

**(३)तदर्थ समितिको वैठक सञ्चालन**

(क)बैठक विषय वस्तुहरु तय गरी तदर्थ समितिका सदस्यहरुलाई जानकारी दिने,

(ख)सम्वन्धित निकायहरुलाई निमन्त्रणा गर्ने,

(ग)आवश्यक कागजात तयारी गर्ने,

(घ)समूहको विधानको खाका तयार गर्ने,

(ङ)समुह हितकोष सम्वन्धी निर्णय गर्ने,

(च)समुहको उद्देश्य र कार्यक्रम तर्जुमा गर्ने,

(छ)सम्वन्धित निकायमा विधान दर्ता गराउन जिम्मेवारी दिने,

(ज)तदर्थ समिति गठन भएको एक महिना भित्र प्रारम्भिक साधारण सभाको आयोजना गर्ने।

**(४)प्रारम्भिक साधारण सभाको सञ्चालन र जिम्मेवारी**

(क) ७ सदस्यीय कार्यसमितिको गठन गर्ने,

(ख) समुहको वार्षिक कार्ययोजना तथा कार्यक्रम तयार गरी अनुमोदन गर्ने,

(ग) विधान मस्यौदा माथि छलफल एवं स्विकृत गर्ने,

(ङ) आवश्यकता अनुसार निर्णयहरु गर्ने।

**८.कार्य समितिको गठन**

(१)कृषक समुहको कार्यसमितिमा एक सात सदस्यीय देहाय बमोजिमको कार्य समिति रहनेछः-

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| उपाध्यक्ष | १ जना |
| सचिव | १ जना |
| कोषाध्यक्ष | १ जना |
| सदस्य | ३ जना |

२.मिश्रित कृषक समूहको हकमा कार्य समितिको पदाधिकारी अध्यक्ष,उपाध्यक्ष,सचिव र कोषाध्यक्ष मध्ये दुई जना महिला हुर्नुपर्दछ ।

३. उपसमिति गठन गर्न सकिने

क) समूहले निश्चित व्यक्तिहरुलाई संयोजक तोकेर ऋण उपसमिति,आर्थिक उपसमिति,प्राविधिक उपसमिति लगायत आवश्यक अनुसारका अन्य उपसमितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

(ख) कोषाध्यक्षको संयोजकत्वमा ऋण उपसमिति गठन गर्नु पर्दछ ।

ग) मिश्रित समूहको हकमा कार्य समितिमा कम्तीमा ३५ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गराउनु पर्नेछ ।

**९. पदाधिकारीको काम कर्तव्य र अधिकारः** कृषक समूहको कार्य समितिका पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार समूहको विधान बमोजिम हुनेछ।

## परिच्छेद- ४

**समूहको विधान**

**१०. समूहको विधानः**(१)कृषक समुहको एक विधान हुनेछ।

(२)उपदफा(१)वमोजिमको विधान नेपालको कृषि नितिसँग मेल खाने,नेपालको नेपालको संविधान र प्रचलित नेपालको कानुन वमोजिम नवाझिने हुनपर्नेछ।

(३)कृषक समुहले विधान वनाउनु पर्नेछ।

(४)कृषक समुहले विधानलाई साधारण सभावाट वहुमतले पारित गराई सम्वन्धित निकायमा दर्ता गराउनुपर्नेछ।

(५)यदि विधान संशोधन गर्नु परेमा

- विधान उपसमिति गठन गर्ने,
- संशोधित विधानलाई कार्यसमितिवाट पास गराउने,
- साधारण सभाको कम्तिमा निश्चित संख्या(दुई तिहाइ वा तिन चौथाई)बहुमत द्वारा पारीत गर्ने,
- संशोधित विधानलाई गाउँपालिकाको सम्वन्धित शाखामा पेश गर्ने।
- यसरी संशोधन विधानलाई स्विकृत गरेपछी मात्र विधान संशोधन भएको मानिनेछ।

## परिच्छेद- ५

### कृषक समूह दर्ता, पुनर्गठन र नवीकरण

### ११. कृषक समूह गठन तथा समूह दर्ता

**(१)समुहमा कृषक संख्या**ः खेती योग्य जग्गाको एउटै ब्लक बनाउन सकिने गरी जग्गाको भोगचलनकर्ताहरु वा एकै उद्देश्यका लागी कृषि वा पशुपालन गरी आएका वा गर्ने १५ देखि २५ जना सम्मका कृषकहरु स्वतःस्फुर्त रुपमा आँफै वा कार्यालयको प्राविधिक कर्मचारीको सहयोगमा एक घरधुरी एक मात्र सदस्य रहने गरी कृषक समुह गठन गर्न सक्नेछ।

**(२) समुह दर्ताको लागी निवेदन दिनु पर्नेः** समुहवाट तयार गरीएको विधानको सवै पानामा सवै सदस्यवाट प्रमाणित गरी सम्वन्धित वडा कार्यालयको सिफारीस सहित अनुसुची -१ वमोजिमको निवेदन दिनुपर्ने छ।यस अघि जिल्ला कृषि विकास कार्यालय वा अन्य कुनै संघसस्थाहरुमा दर्ता भएको समुहको हकमा पूराना प्रमाणपत्रहरु तथा प्रगति देखिने अन्यकागजातहरु समेत संलग्न राख्नुपर्नेछ।

**(३) समुहको आफ्नो विधान र छाप हुनपर्नेः** समूहको विधानको साथमा समुह वैठकको निर्णय,समुह दर्ताको लागी कार्यालयालाई लेखिएको पत्र र अनुसुची-६ वमोजिमको सदस्य कृषक समुहको विवरण संलग्न राख्नुपर्नेछ।समुहले आफ्नो विधान तयार गर्नको लागि मस्यौदा विधान कार्यालयवाट प्राप्त गर्न सक्नेछन।उक्त मस्यौदालाई आफ्नो भौगोलिकता र उद्देश्य अनुरुप परीमार्जन गर्न सक्नेछ।समुहको आफ्नै छाप हुनुपर्नेछ।

**(४) सर्व सहमति र सहमति,समुह निर्णयको आधारः** समुहको आफ्नो विधान र छाप हुनुपर्नेःसर्वसहमती र सहमति,समुह निर्णयको आधारःसमुह गटन गर्दा समुहमा रहाने विभिन्न पदाधिकारिहरु सर्वसहमतवाट चयन हुनेछन।कुनै किसिमले सर्वसहमत हुन नसकेमा प्रचलित व्यावस्था वमोजिम निर्वाचनद्वारा सदस्यहरुबाट पदाधिकारीहरू चयन गरीनेछन।यसरी गरीने निर्वाचनमा समुहको अनुरोधमा वडा कार्यालयावाट सहजिकरण हुन सक्नेछ।

**(५) समुह दर्ता गर्नुपर्नेः** उपरोक्त बमोजिम दर्ता हुन आएको निवेदन उपर कार्यालयले आवस्यक प्रक्रिया पुरा गरी समूह दर्ता गर्नु पर्छ भन्ने लागेमा समुह दर्ता गरी अनुसूची वमोजिमको ढाचामा गर्ता प्रमाणपत्र प्रदान गरीनेछ।यसि वडा कार्यालयवाट समुह दर्ताको सिफारिस गर्दा लाग्ने दस्तुर/शुल्क प्रत्यक वर्ष राजस्व परामर्श समितिको सिफारिसमा गाँउपालिकाले निर्धारण गरेवमोजिम हुनेछ।

(६) कृषक समूहको दर्ता सम्वन्धित स्थानीय तहको आर्थिक विकास शाखा/कृषि वा पशुपन्छी क्षेत्र हेर्ने इकाई/शाखाले गर्नेछ।

(७) कृषक समुह दर्ताको लागि रु.१५००/-राजस्व शुल्क राजश्व एकाइमा बुझाउनु पर्नेछ।

(८) उपदफा (२) बमोजिम समुह दर्ताको निवेदन प्राप्त भएमा आवश्यक जाँचवुझ गरी सम्वन्धित ईकाइ /शाखाले अनुसूची-२ वमोजिमको वमोजिमको ढाँचामा कृषक समुह दर्ता प्रमाण-पत्र दिनेछ।

(९) दर्ता गरिएको कृषक समूहको अवधि एक वर्ष रहनेछ।

(१०) समुहमा सदस्य रहेको सदस्य सदस्यहरुको विवरण हेरफेर भएमा समुहले पुनःतयार गरि नियमित रुपले सच्याउनु पर्नेछ।

**(११) कृषक समुह दर्ता गर्नु नपर्ने**ः दफा ११ को उपदफा (२),(३) र (४)मा जुनसुकै कुरा लेखिएता पनि साविक जिल्ला कृषि विकास कार्यालय/जिल्ला पशु सेवा कार्यालयमा दर्ता भैसकेका पुराना कृषक समुह एकपटकका लागी यस निर्देशिका वमोजिम कृषक समुह दर्ता भए सरह मानिनेछ।

**१२. कृषक समुह पुनर्गठन**ः (१) विधानमा उल्लेख भए वमोजिम कृषक समुहले आफ्नो आवश्यकताको आधारमा पुनर्गठन गर्न सक्नेछ।

(२)कृषक समुहको साधारण सभा वर्षको एकपटक भाद्र मसान्त भित्र गरीसक्नु पर्नेछ।

(३)कृषक समुहले आफ्नो समुहको साधारण सभा/पुनर्गठन गरी सम्वन्धित इकाई/शाखालाई जानकारी दिनु पर्नेछ।

**१३.कृषक समुह नविकरण**ः (१)कृषक समुहले आफ्नो कृषक समुह दर्ता प्रमाण-पत्रको एक वर्ष अवधि पुरा भैसकेपछी नविकरण गर्नुपर्नेछ।

(२) कृषक समुह नवीकरणको लागी कृषक समुहले प्राप्त गरेको समुह दर्ता प्रमाण-पत्र सहितको निवेदन, कर चुक्ता प्रमाणपत्र र वडा सिफारिस सम्वन्धित ईकाइ/शाखामा म्याद सकिएको ३५ दिन भित्र पेश गर्नु पर्नेछ।

(३) नविकरणको लागी रु.८०० राजस्व शुल्क लिइ नविकरण गर्न सकिनेछ।

(४) म्याद सकिएको ३६ औ दिन देखी एक वर्ष सम्म रु.१००।- राजस्व शुल्क लिई नविकरण गर्न सकिनेछ।

(५) एक वर्ष पनि नविकरण नगरेको खण्डमा प्रति वर्ष सम्म रु.५००।—को दरले नविकरण शुल्क थप हुँदै जानेछ।

## परिच्छेद-६

## श्रोत/हितकोष संकलन तथा परिचालन

**१४.श्रोत/हितकोष संकलन तथा परिचालन**(१) बैठकको निर्णय अनुसार मासिक वैठकमा सदस्यहरुले मासिक वचत समेत जम्मा गर्नेछन।यसरी समुहमा संकलन भएको रकम नजिकको वैंकमा खाता खोली समुह अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतवाट सो खाताको सञ्चालन गर्नुपर्नेछ।

(२) समुहले गरेको कुल लगानिमध्ये कािम्तमा ५०% लगानी कृषिमा गर्नुपर्नेछ।

(३) ऋण प्रदान गर्दा लाग्ने व्याजदर साधारण सभाले गर्नेछ।

(४) कृषक समुहको सदस्यवाट अनुसुची-४ वमोजिमको माग भएमा अनुसुची-५ वमोजिम वनाई समुहले ऋण उपलव्ध गराउन सक्नेछ।

(५) कृषक समुहले अनुसुची-७ वमोजिम मासिक हितकोष संकलन विवरण ,अनुसुची -८ वमोजिम समुहको लगानी विवरण र अनुसुची-९ वमोजिम समुहको ऋण असुलि विवरण अध्यावधिक गर्नुपर्नेछ।

## परिच्छेद-७

## समूह सञ्चालन/परीचालन

**१५.समूह सञ्चालन/परीचालन**

**(१) मासिक वैठक वस्नुपर्ने**ः समुह गठन पश्चात कृषकहरु आफ्नो कार्यहरुका वारेमा छलफल गर्न नियमित रुपमा महिनामा एक पटक समुह वैठक अनिवार्य रुपमा वस्नु पर्नेछ।समुहको आवश्यकता अनुसार जुनसुकै वेला पनि समुहको वैठक वस्न सक्नेछ।

**(२) बाली पात्रो/कार्ययोजना तयार गर्ने**ः समुहका सदस्यले प्रविधिकको सहयोगमा बाली पात्रो एवं पशुपालनका लागी आवश्यक(मासिक/चौमासिक/वार्षिक) कार्ययोजना तयार गर्नेछन्।तयार भएको कार्ययोजना अनुसार समुह सदस्यले वाली तथा पशुपन्छी उत्पादन र वाजारिकरणका कार्ययोजनाहरु अवलम्वन गर्ने छन।

**(३) समुहको निर्णय समुह पद्धतिमा गरिनु पर्ने**ःसमुहमा आईपर्ने प्राविधिक समस्याहरु सम्बन्धित प्राविधिकको सहयोगमा निर्माण गर्ने छन।समुहमा आईपर्ने अन्य समस्याहरु समुहको निर्नय अनुसार समाधान गर्नुपर्नेछ।सो हुन नसकेमा प्रचलित व्यवस्ता अनुसार हुनेछ।समुहको अनुरोधमा कार्यालयबाट सो को सहजिकरण गर्न सकिनेछ।

**(४) समुहको रेकर्डः** समुहको एक फाइल कृषि शाखामा रहने छ। जसमा समुहको निर्णय बिभिन्न कार्यक्रमहरुमा सहभागी भएको रेकर्डहरु समुहको वैक खाताको स्टेटमेन्ट आदि रहनेछन। समुहले पनि आफ्नो क्रियाकलापहरुको रेकर्ड अध्यावधिक गरी राख्नु पर्नेछ।

**(५) खेति खर्चको विवरण राख्नु पर्नेः** समुहका प्रत्येक सदस्यले आफुले लगाएको बालि तथा पशुपालन कार्यको उत्पादन भण्डारण,ढुवानी,बजारीकरण लागाएत सवै कार्यहरुको लागत खर्च र बिक्रीबाट भएको आम्दानिको अभिलेख राख्नु पर्नेछ र अध्ययन लगाएतका प्रयोजनका लागी गाँउपालिकाबाट माग भएको अवस्थामा उपलव्ध गराउनु पर्नेछ।

**(६) समुहमा मेलमिलाप हुनुपर्नेः** समुहका सदस्यहरुले आपसमा मेलमिलापको भावना कायम राख्नु पर्ने छ। यस समुहका वैठकहरुमा समुहका सदस्यहरुको निजि बैयक्तिक विषयहरु उपर छलफल गर्दा उपयुक्त हुन्छ भन्ने समुहलाई लागेका यस्ता विषयहरु उपर समेत छलफल गरि सामाजिक सदभाव,सहकार्य,साझेदारिता बृद्विमा योगदान गर्न सक्नेछन।

**(७) व्यवसाय दर्ता गर्न सक्नेः** कृषि कार्यलाई व्यवसायमुलक रुपान्तरणका लागि समुह गठन गर्ने भएकोले समुहका सदस्यहरु मिलेर समुहगत रुपमा सञ्चालन गर्ने कृषि व्यवसाय गाउँपालिकामा दर्ता गर्नुपर्नेछ। कृषि व्यवसायको मापडण्ड तोकोए बमोजिम हुनेछ।

**(८) कृषि उत्पादन सामाग्री तथा कृषि उपज सामाग्रीहरुको बजार व्यवस्थापनः** समुहले कृषि उत्पादन सामाग्रीको व्यवस्थापनको लागि प्रचलित कानुन वमोजिम अनुमति लिई विउविजन, प्राङ्गारिकक मल, सिँचाईका सामाग्रीहरु कृषि उपज सँग सम्वन्धित सामाग्रीहरुको व्यवस्थापन र व्यपारिक कारोवार गर्न सक्नेछन। त्यसैगरी आफ्नो समुह भित्र वा बाहिरमा कृषकहरुले उत्पादन गरेका कृषि उपज सामाग्रीहरुको प्रशोधन र वजारीकरण कार्यहरु समेत गर्न सक्ने छन।

**(९) गाउँपालिकाको कार्यक्रममा सरीक हुनुपर्नेः** कृषक समुहले गाउँपालिकावाट सञ्चालन हुने कुनै पनि किसिमका कृषि वा गैरकृषि कार्यक्रमहरुलाई सफल पार्न यथासक्य सहयोग गर्नुपर्नेछ।

**(१०)अन्तर समुह समन्वय समितिः** विभिन्न समूहबाट प्रतिनिधित्व गरि अन्तर समुह समन्वय समितिको गठन गर्न सकिनेछ। समुह पद्वतिलाई विकसित गर्दै संस्थागत अभ्यास सुदृढ गर्नका लागि सबै समुहवाट १/१ प्रतिनिधिहरु रहने गरी वडागत रुपमा अन्तर समुह समन्वय समितिको गठन हुनेछ।

**(११) गाउँपालिका कृषक मूल समितिः** गाउँपालिकामा रहेका सबै कृषकहरुको संजालका रुपमा गाउँपालिका भित्रका सबै कृषक समुहहरुका प्रतिनिधिमूलक संस्थाका रुपमा एक गाउँपालिका कृषक मुल समितिको रुपमा कृषक सन्जाल गठन गर्न सकिनेछ। यसको संञ्चालन कार्यविधि तोकीए वमोजिम हुनेछ।

**(१२) अन्यलाई पनि ज्ञान बुझाउनु पर्नेः** समुह गठन र कृषि प्रविधि अभ्यासको क्रममा पाएको र आफुमा भएको ज्ञान सो सम्भन्धि अभिरुचि राख्ने अन्यलाई पनि बुझाउनु पर्नेछ। समुहले कृषि प्राविधिक र अन्य कृषकहरुको बिचमा सहजिकरणको कार्य पनि गर्न सक्नेछन।

**(१३)समुहमा अन्य सामाजिक विषयहरुको सन्दर्भ :**सामाजिक न्यायको सिद्धान्तमा आधारित भई समुह सदस्यहरु नेतृत्व बिकास उन्नत खेती प्रणालीको अवलम्वन,सामुदायिक स्वास्थ्य,शिक्षा,पर्यटन तथा रोजगारी प्रवर्धनका अन्य कार्यहरुमा पनि अभिरुचि लिनेछन् र समुह निर्णय अनुसार यस्तो कार्यमा अरुलाई सहयोग समेत गर्नेछन।

**(१४) समुह बाहेक पनि कृषि बिकास कार्यक्रमहरु सञ्चालन गर्न सकिनेः** गाउँपालिकावाट सञ्चालित हुने कृषि विकास कार्यक्रमहरुको प्रकृति अनुसार कृषक समुह,कृषि सहकारी संस्थाहरू,कृषिमा आधारित गैरसहकारी संस्थाहरु,गाउँ तथा टोल समितिहरु,निजि व्यवसायीहरु,कम्पनी लगायत अन्य कुनै पनि सरोकारवालाहरु संस्था तथा निकायहरुसँग सहकार्यमा सञचालन गर्न सकिनेछ।

**(१५)** गाउँपालिका क्षेत्र भित्र क्रियाशिल सहकारी संस्थाहरुले कृषि तथा पशु विकास सँग सम्बन्धित समुह गठन गरी कार्य गरेको अवस्थामा त्यस्ता समुहलाई यस निर्देशिका बमोजिम गठित समुह मानिनेछ।

## परिच्छेद-८

## समुहमा मतभेद व्यवस्थापनको प्रक्रिया

**१६. मतभेद व्यवस्थापनको प्रक्रीयाः** (१)समुह परिचालनको सम्वन्धमा उब्जिएका हरेक मतभेदहरुको निरुपण सम्वन्धित वडा स्तर/सेवा केन्द्रमा रहने कृषि प्राविधिकले गर्नेछ।

(२)वडा स्तर वा सेवा केन्द्रमा गरिएको निरुपणसँग असहमत हुने पक्षले सम्बन्धित स्थानीय तहको आर्थिक विकास शाखा/कृषि वा पशुपन्छी क्षेत्र हेर्ने शाखा/ईकाइमा पुनरावेदन गर्न सक्नेछ।

(३) उक्त शाखा वा ईकाइले गरेको निरुपण संग असहमत हुने पक्षले सम्बन्धित स्थानिय तहको उपमेयर वा उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिम गठित मतभेद व्यवस्थापन समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(क) उपमेयर/उपाध्यक्ष सम्बन्धित स्थानिय तह — संयोजक

(ख)प्रतिनिधि-कृषक समूह/समिति/महासंघ- सदस्य

(ग)प्रमुख प्रशासकीय अधिकृत सम्बन्धित स्थानिय तह-सदस्य

(घ) आर्थिक विकास शाखा प्रमुख/प्राविधिक सम्बन्धित स्थानिय तह- सदस्य सचिव

(४) कृषक समुहमा भएको मतभेदको निरुपण सम्बन्धित कानुन बमोजिम हुनेछ।

## परिच्छेद-९

## कृषक समुहको नियमन र पारदर्शिता

**१७.कृषक समुहको नियमन र पारदर्शिता**

**१.वार्षिक लेखा परिक्षण र सार्वजनिक सुनवाईः** समूहले वार्षिक रुपमा नियमानुसार लेखा परिक्षण गराउनु पर्नेछ।लेखा परिक्षण प्रतिबेदनको एक प्रति सम्बन्धित शाखामा समेत उपलब्ध गराउनु पर्नेछ।

**२.वार्षिक साधारण सभा**ः समुह गठन भई दर्ता भएको एक वर्ष भित्र र प्रत्येक वर्षमा समुहले साधारण साभाको आयोजना गर्नुपर्नेछ।साधारण सभामा वार्षिक कार्यक्रमहरुको प्रगति समिक्षा,वार्षिक आयब्यायको विवरण,आउदो वर्षको कार्यक्रमहरुको तर्जुमा लागायत नियमानुसार सम्पादन गर्नु पर्ने कार्यहरु समेत पारित गर्नु पर्नेछ।यसको एक प्रति प्रतिवेदन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

**३.अधिवेशन र विशेष अधिवेशन**ः समुहको सर्वोच्च अङ्ग समुहको साधारण सभा हुनेछ।साधारण सभा गर्ने अवधि समुहको विधान बमोजिम निर्धारण हुनेछ।बिधानमा समुहले विशेष अधिवेशनको व्यवस्था समेत गर्न सक्नेछ।

**४.अन्य संघ संस्थाहरुसँगको समन्वय**ः समूहले अनुमति लिई कुनै अन्य संघ संस्थासंगको सहकार्यमा कृषि प्रविधि अनुसन्धान तथा विकास सम्वन्धी कार्यहरु सञ्चालन गर्न सक्नेछन्।

**५.समुहको अनुगमन**ः यस गाउँपालिकाको अनुगमन व्यवस्था बमोजिम गाउँपालिकावाट ,वडाबाट एवं गाउँपालिकासँगको समन्वयमा नेपाल सरकारका सबै निकायहरुले कृषक समूहका क्रियाकलाप एवंम समुहका कागजातहरुको अध्ययन,अवलोकन र अनुगमन गरी पृष्ठपोषण गर्न सक्ने छन।प्राप्त पृष्ठपोषण गर्न सक्ने छन।प्राप्त पृष्ठपोषणहरु उपर समुह बैठकमा छलफल गरी निर्णय गर्नुपर्नेछ।

## परिच्छेद-१०

## विविध

**१८.प्रगति प्रतिवेदन पेश गर्नुपर्ने;** (१)कृषक समुहले अनुसुची-१०,११ र १२ सहित आफुले गरेको मासिक,त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्वन्धित वडा कृषि तथा पशु सेवा शाखामा प्रतिवेदन अवधि समाप्त भएको मितिले एक हप्ता भित्र उपलव्ध गराउनु पर्नेछ।

**१९.कृषक समुहको सहकारीकरण**; १)कृषक समुहलाई वढि सक्रिय,प्रभावकारी,दिगो र कृषकहरुको उन्नतिमा योगदान गर्न सक्ने वनाउनको निमित्त सो क्षेत्रमा केहि कार्य अनुभव भएको समुहले चाहेमा सहकारीमा परीणत गर्न सकिनेछ।

२)उपदफा(१)वमोजिम कृषक समुहलाई कृषि सहकारी संस्थामा परिणत गर्दा देहायका आधार पुरा भएका संस्थालाई सहकारीमा परिणत गर्न सकिनेछ।

(क)कृषक समुहको रुपमा ३ वर्षको अनुभव भएको,

(ख)पर्याप्त वचत संकलन एवं सञ्चालन भएको,

(ग)व्यवसायीक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम भएको,

(घ)सहकारी ऐन अनुसार तोकोएको मापडण्ड पुरा भएको

(३) समुहको नाममा रहेको सम्पुर्ण चल-अचल सम्पति उक्त समुह भंग भएर  सहकारी दर्ता भएपछि सो सहकारीको नाममा स्वत हुनेछ।

**२०. समूह निष्कृयताको अवस्थाः**लगातार ३ महिनासम्म मासिक बैठक नबसेमा, समूहले कृषि प्रसार कार्यमा अभिरुचि नराखेमा अन्य विभिन्न कारणहरूले समूह निष्कृय भएको गुनासो प्रमाणित भएमा समूह निष्कृय भएको मानिनेछ । यस्तो अवस्थामा कार्यालयबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुको लागि उक्त समूहसँग साझेदारी गर्न सकिने छैन ।

**२१. विघटन हुन सक्नेः** पटक पटक समूहको विधान विपरित कार्य गरेको प्रमाणित भएमा, सरकारी जायजेथा वा रकम हिनामिना वा दुरुपयोग गरेमा, समूह निष्कृय भएमा, समूहको निर्णय अनुसार समूह विघटन गरिएमा प्रचलित नियम विपरीतका कार्यहरु गरेमा स्थानीय टोल विकास संस्था समेत वडा कार्यालयको सिफारिसमा कार्यालयबाट छानविन गरी समूह विघटन गर्न उचित देखिएमा विघटन गरिनेछ तर समूहमा सदस्यहरुबाट जम्मा भएको बचत रकम समूहको अभिलेखको आधारमा साँवा ब्याज वितरण गरिने छ ।

**२२. संशोधनः** आवश्यकता र औचित्यताको आधारमा गाउँकार्यपालिकाको निर्णयअनुसार यो कार्यविधि संशोधन गर्न सकिने छ ।

**२३. खारेजीः** यस कार्यविधिमा उल्लेखित कुराहरु प्रचलित कानुन बमोजिम बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुने छन् ।

**२४.यसै कार्यविधि वमोजिम हुनेः** यो कार्यविधि लागु हुनु पूर्व गाउँपालिकामा दर्ता भएका कृषक समूहहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिने छ ।

## अनुसुची-१

**(दफा ११ उपदफा२ संग सम्बन्धीत)**

**समूह सूचीकृत/दर्ता गर्दा भर्नु पर्ने अनुरोध फारम**

मिति………………

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
दोर्दी गाउँपालिका,
नौथर, लमजुङ ।

विषय :- समूह सूचीकृत/दर्ता गराई पाऊँ ।

महोदय,

प्रस्तुत विवरण देहाय बमोजिमको विवरण तथा कागजात संलग्न गरी हाम्रो समूहलाई सुचीकृत/दर्ता गरी दिनु हुन अनुरोध गर्दछु।

१) समूहको नाम :- २) ठेगाना :-

३) समूह गठनको मुख्य उद्देश्यःकृषि, वाली/विउ/तरकारी/फूलफुल/ माछा/ केरा/ पशुपालन/बहुउद्देश्यीय.....

४) समूहको हितकोषमा जम्मा भएको रकम रु.....

५) प्रति व्याक्ति प्रति महिना हितकोष रकम रु...........

६) समूहको मासिक हितकोषमा जम्मा भएको रकम रु..............

७) नियमित समूह बैठक बस्नेः

मितिः- स्थानः- समयः-

८) जग्गा सम्वन्धी विवरणः

| विवरण | ५ रोपनी | ५-१० रोपनी | १०-२० रोपनी | २० रोपनी भन्दा माथि |
|---|---|---|---|---|
| कृषक संख्या | | | | |

९) पदाधिकारीको विवरण

| क्र सं | नाम | पद | शैक्षिक योग्यता | उमेर वर्ष | जग्गा क्षेत्रफल(रोपनि) | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | | |
| २ | | उपाध्यक्ष | | | | | |
| ३ | | सचिव | | | | | |
| ४ | | कोषाध्यक्ष | | | | | |
| ५ | | सदस्य | | | | | |
| ६ | | सदस्य | | | | | |
| ७ | | सदस्य | | | | | |

निवेदक
कृषक समूह अध्यक्ष

**अनुसुची-२**

**(दफा ११ उपदफा ८ संग सम्बन्धित)**

**कृषक समूह दर्ता प्रमाण-पत्र**

दोर्दी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नौथर, लमजुङ

समूह दर्ता नं. ........

कृषक समूह दर्ता प्रमाण-पत्र

समूह पद्दतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उद्देश्यले "दोर्दी गाउँपालिका समूह गठन तथा परिचालन कार्यविधी २०८३ " बमोजिम गठित .................कृषक समूह ...........लाई यस कार्यालयको अभिलेखमा दर्ता गरी प्रमाण पत्र प्रदान गरिएको छ ।

......................
कृषि सेवा एकाइ प्रमुख मितिः

..........................
प्रमुख प्रशासकीय अधिकृत

पछाडिको पाना

**नवीकरण सम्वन्धी विवरण**

| नवीकरण गरेको मिति | म्याद पुग्ने मिति | नवीकरण गर्ने अधिकृतको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

नोटः समूह दर्ता भई १ वर्ष अवधि पुरा गरेको कृषक समूहहरुले प्रत्यक एक/एक वर्षमा नवीकरण गर्नु पर्नेछ ।

**अनुसुची-३**

**(दफा ७ उपदफा२(ग)  संग सम्बन्धीत)**

**सदस्यताका लागी आवेदन फारमको नमुना**

श्रीमन अध्यक्षज्यु,

......................कृषक समुह।

महोदय

म यस समुहको विधानलाई स्विकार गरी समुहको सदस्यता प्राप्त गर्न इच्छा भएकाले नियमानुसार सदस्यता प्रदान गर्न हुन अ नुरोध गर्दछु।

नामः

वावुको नामः

ठेगानाः

शैक्षिक योग्यताः

कृषि पेशामा दखलः

खेति जग्गाको विवरणः

लगाउने गरेको वालीः

समुह सदस्यताको सिफारीसः

१)नामः

दस्तखत

२)नामः

दस्तखत

निवेदक

नामः

दस्तखत

## अनुसुची-४
### (दफा १४ उपदफा ४ संग सम्बन्धीत)
### ऋण सम्वधी निवेदन

श्रीमान अध्यक्ष ज्यु,

....................

विषयःऋण उपलव्ध गराई दिने वारे

महोदय,

उपरोक्त सम्वन्धमा मलाई .................................कामको लागी आवस्यकता परेकाले रु............ समुह हितकोषवाट ऋण उपलव्ध गराईदिनुहुन अनुरोधगर्दछु। साथै यस निवेदनको साथै जमानी सदस्यहरुको सिफारीस पेश गरेको छु। नियमानुसार रु...........................रीण,किस्ता,मासिक व्याज,मासिकवचत प्रत्यक महिना वुझाउने छु।

जमानी सदस्यहरू

दस्तखतः

नामः

ठेगानाः

दस्तखतः

नामः

ठेगानाः

दस्तकतः

निवेदक

दस्तखतः

नामः

कार्यालय प्रयोजनको लागी

ऋण रु.......................

मासिक किस्ता रु.........................

उपलव्ध भएको मिति .................

उपलव्ध भएको चेक न.

कोषादक्ष सचिव अध्यक्ष

**अनुसुची-५**

**(दफा १४ उपदफा ४संग सम्बन्धीत)**

**तमसुकको नमुना**

लिखितम जिल्ला.....................गा.पा/न.पा.................................वडा नं.....................

छोरा/छोरी/ पत्नि वर्ष..................को .................श्री कृषक समुहवाट निर्धारन गरिएको व्याज दर अन्य शर्त(नियम)का अधिनमा रही घर खर्च मल/वीउ/कृषि आयोजना.............................कार्य गर्नका निमित्त सापटि(रीण)नगद रु..............................(अक्षरेपी रु..................)यस समुहको वैंक शाखा कार्यालय.....................स्थित रहेको वचत खाता...............................चेक न..................वाट वुझिलीई भाखा राखि तपसील लेखिएको व्यक्ती (साक्षी)हो रोहवरमा यस समुहको कार्यालयवाट वुझिलिई ठिक साचो हो माथि कबुलियत गरिएको भाखाभित्र सावाव्याजवुझाउन सकिन भने मेरो चल अचल सम्पतिवाट नेपालको प्रचलित ऐन कानुन वमोजिम असुल उपर गरि लिएमा मेरो मञ्जुरी छ। तपसिल साक्षि किनारा सदर।

............जिल्ला........गा.पा.............वडानं..................वस्ने वर्ष........को ............

............जिल्ला........गा.पा.............वडानं..................वस्ने वर्ष........को ............

इति सम्वत २०...........हाल ..............महिना गते रोज सुभम्.................................

## अनुसुची-६
## ( दफा ११ उपदफा ३ संग सम्बन्धित)

**समुहको सदस्यहरुको विवरण फारम**

कृषक समुहको नामः

कृषक समुह स्थित ठेगानाः

समुह सदस्य संख्या जम्माः

महिलाः

पुरुषः

गठित समुहको किसिमः

मासिक वचत प्रति महिना रु.

समुह सदस्यहरुको विवरणः

| क.स | सदस्यको नाम | समुहको जिम्मेवारी | सम्पर्क न. | लिङ्ग | ठेगाना | उमेर | खेती गरीएको क्षेत्रफल | कृषि बाट अनुदान प्राप्त विवरण/अन्य केहि भए खुलाउने | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

नोटःसमुहका सवै सदस्यवाट प्रमाणित गरी पेश गर्नु पर्ने।

प्रमाणिकरण मितिः

## अनुसुची-७
## (दफा १४ उपदफा ५ संग सम्बन्धित)
## मासिक हितकोषको फारम

समुहको नामः

सालः

| क.स | सदस्यको नाम | मासिक जम्मा रकम रु. | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वैशाख | जेष्ठ | असाढ | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**अनुसुची-८**
**(दफा १४ उपदफा ५ संग सम्बन्धीत)**
**समुहको लगानी विवरण**

| क्र.स | लिने व्यक्तीको नाम | ठेगाना | रकम | लिएको मिति | रकम वुझाउनु पर्ने मिति | लिनेको मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अनुसुची-९**
**(दफा १४ उपदफा ५ संग सम्बन्धीत)**
**समुहको ऋण असुलि फारम**

समुहको नामः

| क्र.स | नाम थर | ठेगाना | सावा रु. | व्याज रु. | जम्मा | बुझ्नेको नाम | बुझेको मिति | रकम बुझ्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**अनुसुची-१०**
**(दफा १८ को उपदफा १ सँग सम्वन्धित )**
**आर्थिक वर्षको अन्त्यमा सदस्य संख्याको स्थिति**

| आर्थिक वर्ष | सदस्य संख्यामा थप/घट र जम्मा वचत कोष | सदस्यद्वारा जम्मा भएको कोषको मौजुदा स्थिति | घट/बढको कारण(कोलम दुईमा वढिको लागी + र घटिको लागी —चिन्ह लगाऔ। |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## अनुसूची-११
### ( दफा १८ को उपदफा १ सँग सम्वन्धित )
### समुह वचत कोषको वार्षिक स्थिति

| आर्थिक वर्ष | गत वर्षको रकम रु. | वचत कोषमा घट/वढको कारण |
|---|---|---|
| | | |
| | | |
| | | |

## अनुसूची-१२
### ( दफा १८ को उपदफा १ सँग सम्वन्धित )
### प्रगति विवरण फारंम

गा.पा वडा न.-

कृषक समुहको नामः

उत्पादन क)इकाईः-

ख)जम्मा लागत रु.ः-

उत्पादकत्व(उत्पादन/क्षेत्रफल):-

उत्पादनको विक्री मुल्यः-

कार्यविवरणः-

सहभागी सदस्यको संख्याः-

प्राप्त सहायता रु.ः

श्रोत१(.........)वाटः-

श्रोत२(........)वाटः-

खुद आम्दानी (कुल आम्दानी-लागत खर्च)रु.ः-

कैफियतः

**आज्ञाले,**

**हेमराज काफ्ले**

**प्रमुख प्रशासकीय अधिकृत**